# संघीय कानूनमा भएको परिवर्तनका कारण अक्टोबर १, २०२६ देखि अमेरिकी नागरिक नभएका केही वयस्कहरूको Medicaid परिवर्तन हुँदैछ

## केही मानिसहरूको स्वास्थ्य कवरेज बन्द हुनेछ। यो तपाईंलाई लागू हुन्छ कि हुँदैन हेर्नुहोस्।

## के यो मलाई असर गर्छ?

**तपाईं यी मध्ये हुनुहुन्छ भने Medicaid जारी रहनेछ:**

- अमेरिकी नागरिक वा U.S. national
- COFA Migrant
- Cuban/Haitian Entrant
- गर्भवती
- १९ वर्षभन्दा कम उमेरको
- Green Card भएको व्यक्ति (Lawful Permanent Resident)
  - ५ वर्षदेखि Green Card भएको, वा
  - ५ वर्षको प्रतीक्षा अवधिबाट छुट पाएको

**तपाईं यी मध्ये हुनुहुन्छ भने Medicaid गुमाउन सक्नुहुन्छ:**

- Green Card नभएको Refugee वा Asylee
- Parolee
- मानव बेचबिखनबाट बचेको व्यक्ति वा योग्य परिवार सदस्य
- अध्यागमनसम्बन्धी मुद्दा विचाराधीन (पेन्डिङ) रहेको व्यक्ति

## तपाईंको कवरेज जारी रहन्छ वा बन्द हुन्छ भनेर कसरी थाहा पाउने?

- Nebraska DHHS ले तपाईंको केस समीक्षा गर्नेछ।
- थप जानकारी चाहियो भने, वा तपाईंको Medicaid बन्द हुँदैछ भने, DHHS ले तपाईंलाई पत्र पठाउनेछ।
- पत्रमा तपाईंले के गर्नुपर्छ भनेर लेखिएको हुनेछ।

---

**यदि तपाईं गर्भवती हुनुहुन्छ:**

599 CHIP स्वास्थ्य कवरेज नभएका गर्भवती व्यक्तिहरूका लागि कार्यक्रम हो। यसले गर्भावस्था र प्रसूति हेरचाह कभर गर्छ।

**यदि तपाईंलाई आकस्मिक स्वास्थ्य समस्या छ:**

EMSA नामको कार्यक्रमले Emergency Room को उपचार खर्च तिर्न मद्दत गर्न सक्छ। EMSA ले नियमित डाक्टर भेट वा निरन्तर उपचार खर्च तिर्दैन।

थप जानकारीका लागि यहाँ स्क्यान गर्नुहोस्

Omaha Refugee Task Force

थप स्रोतहरूका लागि पृष्ठ पल्टाउनुहोस्।

# अहिले तपाईंले गर्न सक्ने कामहरू:



### DHHS मा आफ्नो सम्पर्क जानकारी अद्यावधिक गर्नुहोस्

हालको ठेगाना र फोन नम्बर दिनुहोस्।

- अनलाइन: iserve.nebraska.gov
- 855.632.7633 मा फोन गर्नुहोस्
- नजिकको DHHS कार्यालयमा जानुहोस्



### DHHS बाट आएको सबै पत्र खोल्नुहोस्

DHHS ले तपाईंलाई पत्र पठाउनेछ:

- थप जानकारी चाहिएको छ भने, वा
- तपाईंको Medicaid बन्द हुँदैछ भने

हरेक पत्र खोल्नुहोस् र निर्देशन तुरुन्त पालना गर्नुहोस्।



### परिवर्तनहरू DHHS लाई जानकारी दिनुहोस्

तपाईं अहिले अमेरिकी नागरिक (U.S. citizen), Lawful Permanent Resident, Cuban/ Haitian Entrant, COFA Migrant हुनुहुन्छ वा गर्भवती हुनुहुन्छ भने DHHS लाई बताउनुहोस्।

DHHS: 855.632.7633 मा फोन गर्नुहोस् वा आफ्नो जानकारी अद्यावधिक गर्न नजिकको DHHS कार्यालयमा जानुहोस्।

## Medicaid गुमे पनि तपाईं स्वास्थ्य सेवा पाउन सक्नुहुन्छ:

आफ्नो नजिकको स्वास्थ्य केन्द्र खोज्नुहोस्। यी केन्द्रहरूले निःशुल्क वा कम लागतमा चिकित्सा, दन्त, र मानसिक तथा व्यवहारिक स्वास्थ्य सेवा दिन्छन्: hcanebraska.org/health-centers/find-health-center/

- **OneWorld Community Health Centers:** 402.734.4110
- **Charles Drew Health Center:** 402.451.3553

Omaha क्षेत्रमा यी क्लिनिकहरूले पनि निःशुल्क वा कम लागतमा स्वास्थ्य सेवा दिन्छन्:

- **Healing Gift Free Clinic at Kountze Commons:** 402.614.4357 - त्यसपछि 1 थिच्नुहोस्
- **Heart Ministry Center Monen Healthcare Clinic:** 402.932.4887
- **Methodist Community Health Clinic:** 402.354.3198
- **Magis Clinic:** 402.881.0143
- **SHARING Clinic:** 402.559.7200 - Sharing Clinic वा “free clinic” भन्नुहोस्

## जानकारी र सहायता लिनुहोस्:

- Nebraska Medicaid मा फोन गर्नुहोस्: 1.855.632.7633 वा Omaha मा 402.595.1178
- नजिकको DHHS कार्यालयमा जानुहोस्: dhhs.ne.gov/Pages/Public-Assistance-Offices.aspx
- Douglas County Health Department Info Line मा 402.444.3400 फोन गर्नुहोस्। दोभाषे उपलब्ध छन्।

Omaha Refugee Task Force

**आफ्नो नजिकको स्वास्थ्य केन्द्र खोज्न यहाँ स्क्यान गर्नुहोस्**